# छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड : ७ संख्या : ४ २०८० पुस २७

## भाग-२

## छायाँनाथ रारा नगरपालिका, मुगुको

## सूचना

छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## छायाँनाथ रारा नगरपालिका महिला तथआ बालबालिका उद्धार कोष सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८०

## **महिला तथा बालबालिका उद्धार कोष सञ्चालन कार्यविधि,२०७६**

**<u>प्रमाणिकरण तथा स्वीकृत मिति</u>**
२०७६।०५।२९

**<u>संशोधन</u>**

पहिलो संशोधन २०८०/०९/२७

सम्वत २०८० को कार्यविधि नं. २३

**<u>महिला तथा बालबालिका उद्धार कोष सञ्चालन सम्बन्धि कानून संशोधन गर्न बनेको कार्यविधि</u>**

**<u>प्रस्तावनाः</u>** महिला तथा बालबालिकाहरु शारिरिक, मानसिक अपरिपक्ताताको कारणले उचित संरक्षणको खाँचो पर्ने वर्तमान सन्दर्भमा, छायाँनाथ रारा नगरपालिकामा चरम गरिबी, अशिक्षा, दैवी विपत्ति, पारिवारिक दुर्घटना, परम्परागत संस्कार, पारिवारिक विग्रह, महिला हिंसा, घरेलु हिसा, लैंगिक हिंसा, बालबालिका विरुद्ध बढी रहेका हिंसा, भेदभाव, लैङ्गिक विभेद, चरम शोषण, दुव्र्यवहार, बालबालिका ओसारपसार, लगायतका बढदो घटनाक्रमले महिला तथा बालबालिकाहरु जोखिम अवस्थामा परेका वा पर्ने गरेकाले, कानूनी व्यवस्था अनुसार अफ्नो पालिका भित्र जोखिम अवस्थामा रेहका वा रहन सक्ने महिला तथा बालबालिकालाई तत्काल उद्धार गरी महिला तथा बालबालिका अधिकारको संरक्षण, सम्वधर्न र सम्मानको लागि आवश्यक व्यवस्था गर्न वाञ्छनिय भएकोले,

छायाँनाथ रारा नगरपालिकाको प्रशासकीय कार्यविधि ऐन (नियमित गर्ने), २०७५ को दफा ३ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफ १०२ बमोजिम छायाँनाथ रारा नगरपालिकाको चौधौ नगरसभाको अधिवेशनले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ।

### परिच्छेद-१
### <u>प्रारम्भ</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम छायाँनाथ रारा नगरपालिका "महिला तथा बालवालिका उद्धार कोष सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि छायाँनाथ रारा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;-

(क) "कोष" भन्नाले दफा ४ बमोजिमको स्थापना भएको महिला तथा बालबालिका उद्धार कोष सम्झनु पर्छ।

(ख) "समिति" भन्नाले नगरपालिका स्तरीय महिला तथा बालबालिका अधिकार समिति सम्झनु पर्छ।

(ग) "जोखिम अवस्थामा रहेका महिला तथा बालबालिका" भन्नाले देहायका अवस्थामा रहेका महिला तथा बालबालिका सम्झनु पर्छ।

(१) अनाथ, हराएका वा वेवारिस अवस्थामा फेला परेका वा बाबु आमा वा संरक्षकबाट बन्चित

भएका बालबालिका

(२) जोखिमपूर्ण श्रममा संलग्न वा ऋणको कारणले बन्धकमा रहेका वा जवरजस्ती श्रमबाट पीडित भएका महिला तथा बालबालिका,

(३) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित भएका महिला तथा बालबालिका

(४) बाबु वा आमा कारागार वा हिरासतमा रहेका वा कुनै कसूर सँग सम्बन्धित रहेका कारणले बेवारीसे बालबालिका

(५) यौनशोषण, यौन दुर्व्यवहार, बेचबिखन वा ओसारपसारमा परेका महिला तथा बालबालिका

(६) बाबु, आमा वा अभिभावक, श्रीमान् वा घरपरिवारबाट दुर्व्यवहार, हिंसा भएका कारणले महिला तथा बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका महिला तथा बालबालिका

(७) अपाङ्गता भएका (क र ख वर्गका) महिला तथा बालबालिका

(८) बावु आमा वा संरक्षक वा श्रीमान् गम्भीर अपाङ्गता वा अशक्तता भएको कारणले उचित हेरचाह नपाएका महिला तथा बालबालिका,

(९) वेचविखन तथा ओसार पसारमा वा अपहरण वा शरीर बन्धकमा परेका महिला तथा बालबालिका,

(१०) एच.आई.भी.एड्स संक्रमित भएका वा अन्य कुनै प्रकारका दीर्घ रोगले ग्रसित महिला तथा बालबालिका

(११) लागु औषधको कुलतमा फसेका महिला तथा बालबालिका

(१२) गरिवीको दुष्चक्रमा बाँचेका महिला तथा बालबालिका

(१३) सडक आश्रित वा दुर्घटना वा मानव सिर्जित वा प्राकृतिक प्रकोप वा दैवी विपतमा परेका महिला तथा बालबालिका

(१४) महिला तथा बालबालिका सम्वन्धी ऐन र नियमावली वा प्रचालित कानुनमा विशेष संरक्षणका आवश्यकता भनिएकामहिला तथा बालबालिका

(१५) नगर महिला तथा बालबालिका अधिकार समितिले तोकेका अन्य महिला तथा बालबालिका ।

३. <u>**महिला तथा वालबालिका उद्धार कोषको उद्देश्यः**</u> (१) महिला तथा बालबालिकाका उद्धार कोषको उद्देश्य देहाय बमोजिम रहेको छ।

(क) जोखिम अवस्थामा रहेका महिला तथा बालबालिकाको उद्धार गर्ने,

(ख) जोखिम अवस्थामा रहेका महिला तथा बालबालिकालाई राहत उपलब्ध गराउने,

(ग) जोखिम अवस्थामा रहेका महिला तथा बालबालिकालाई पारिवारिक पुर्नस्थापना गर्ने,

(घ) आवश्यक मनोसमाजिक परामर्श तथा स्वास्थ्योपचार उपलब्ध गराउने,

(ङ) जोखिममा रहेका महिला तथा बालबालिकालाई अत्यावश्यकीय सेवा, सुविधा उपलब्ध गाउने,

(च) जोखिम अवस्थामा रहेका महिला तथा बालबालिकाको संरक्षणको अधिकार सुनिश्चितता गर्ने।

४. **कोषको स्थापनाः** (१) जोखिममा रहेका महिला तथा बालबालिकालाई तत्काल उद्धार, सहयोग, राहत, स्वास्थ्योपचार पुर्नस्थापना गर्न तथा क्षतिपुर्ति र आवश्यकताका आधारमा महिला तथा बालबालिकालाई सहयोग गर्न "महिला तथा वालबालिका उद्धार कोष" नामको एक कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्।

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,

(ख) संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) नगरमहिला तथा बालबालिका अधिकार समितिले अन्य स्रोत पहिचान र परिचालन गरी खोजीबाट प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

५. **कोषमा रकम जम्मा गर्न सक्नेः** महिला तथा बालबालिकाको क्षेत्रमा नेपाल भित्र कार्यरत रही नगरपालिका संग सहकार्य गर्न चाहने गैर सरकारी संस्थाहरुले इच्छाएको रकम कोषमा जम्मा गर्न सक्ने छन्।

६. **कोषको उपयोगः** (१) कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछः-

(क) जोखिम अवस्थामा रहेका महिला तथा बालबालिकाको उद्धार गर्न,

(ख) जोखिम अवस्थामा रहेका महिला तथा बालबालिकालाई राहत दिन, स्वास्थ्योपचार गर्न तथा पुनस्र्थापना गर्न,

(ग) समितिबाट स्वीकृत कार्यक्रम सञ्चालन गर्न,

(घ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्न,

(ङ) महिला तथा बालबालिकाको हकहित सम्बन्धमा समितिले तोके बमोजिमको अन्य जोखिम न्यूनिकरणका कार्य गर्न र गराउन।

(२) उपदफा (१) मा लेखिएको बाहेक कोषको रकम अन्य काममा उपयोग गर्न सकिने छैन।

७. **कार्यान्वयन गर्ने समिति र कोषको परिचालनः** (१) कोषको सञ्चालन तथा खर्च, व्यवस्थापन र कार्यान्वयन गर्ने काम नगरपालिका स्तरीय महिला तथा बालबालिका अधिकार समितिले गर्नेछ।

(२) नगरपालिका स्तरीय महिला तथा बालबालिका उद्धार कोष दफा २ को खण्ड (ख) बमोजिम जोखिममा रहेका महिला तथा बालिकाहरुलाई नगरपलिका स्तरीय महिला तथा बालबालिका अधिकार समितिको निर्णय अनुसार तत्कालै राहत उपलब्ध गराईने छ।

८. **समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जोखिम अवस्थामा रहेका महिला तथा बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापना गर्ने तथा त्यस्ता महिला तथा बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

(ख) कुनै महिला तथा बालबालिका जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

(ग) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

(घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(ङ) जोखिम अवस्थामा रहेका महिला तथा बालबालिका सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने,

(च) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

(छ) महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्था सँग समन्वय गर्ने,

(ज) कोष बृद्धिको लागि स्रोतको परिचालन गर्ने,

(झ) जोखिम अवस्थामा रहेका महिला तथा बालबालिका सम्बन्धी अन्य काम गर्ने वा गराउने।

९. **महिला तथा बालबालिकाको उद्धार तथा पुनःस्थापनाः** (१) जोखिममा रहेका महिला तथा बालबालिकालाई तुरुन्त उद्धार गरी समितिले अल्पकालिन व्यवस्था मिलाउन सक्नेछ। यसरी संरक्षणको व्यवस्था मिलाइएका महिला तथा बालबालिकालाई बढीमा एक महिना भित्र स्थायी पुनःस्थापनको व्यवस्था गरी सक्नु पर्नेछ। यदि कुनै विशेष कारणवस एक महिना भित्रमा स्थायी पुनःस्थापना व्यवस्था मिलाउन नसकिएको अवस्थामा समितिले मुनासिब देखेमा बढीमा एक महिना सम्म थप गर्न सक्नेछ। यसरी उद्धार तथा पुनःस्थापना गर्ने सिलसिलामा समितिले कोषको रकमबाट दफा १० मा उल्लिखित मापदण्ड अनुसार खर्च गर्ने व्यवस्था मिलाउने छ।

१०. **खर्चका मापदण्डः** (१) कोषबाट समितिले जोखिममा परेका महिला तथा बालकालिकालाई दफा ९ अनुसार अल्पकालिन अवधिका लागि संरक्षणमा राखिएको अवस्थामा निम्न प्रयोजनामा निम्नानुसार खर्च गर्ने व्यवस्था मिलाउने छ।

(क) **खानेकुराः** महिला तथा बालबालिकालाई अल्पकालिन संरक्षणमा बसेको अवधिभरी खाने कुराको लागि दैनिक छ सय रुपैयाका दरले बढीमा पन्ध्र दिन सम्म।

(ख) **लुगाफाटोः** महिला तथा बालबालिकालाई लुगाफाटो नभएको वा उपयुक्त नभएको अवस्था भएमा लुगाफाटो किन्न एक पटकका लागि बढीमा चार हजार रुपैया सम्म,

(ग) **सम्प्रेषणः** महिला तथा बालबालिकाहरुको पुनःस्थापनाको लागि घर पठाउँदा वा परिवारमा पुनःस्थापनाको सम्भावना नभई बालगृह वा अन्यत्र बाल गृह वा अन्यत्र पठाउँदा संरक्षक समेतको मितव्ययी सवारी साधानको भाडा यदी मितव्ययी सवारी साधान नभएको अवस्थामा मात्र प्लेन भाडा तथा एकै दिन पुगिनेमा खाना र खजा खर्च बापत छ सय रुपैया र बास बस्नु पर्ने भएमा बस्ने, खाने खर्च वापत प्रतिव्यक्ति दैनिक पन्ध्र सय,

(घ) **औषधोउपचारः** महिला तथा बालबालिकालाई कुनै चोटपटक लागेको अवस्थामा समितिले तोकेको वा सरकारी अस्पतालमा उपचार गराउँदा (विरामी तथा कुरुवाको समेत जोडेर) निम्नानुसार ननाघ्ने गरी लागेको यथार्थ खर्च देहाय बमोजिम व्यवस्था हुनेछ।

(१) बाहिर बसी उपचार गराउँदा अस्पताल आतेजाते मितव्ययी सवारी साधानको भाडाका साथै परिक्षण तथा औषधी खर्च वापत तिन हजार रुपैया,

(२) अस्पतालमै भर्ना भई उपचार गराउँदा पुऱ्याउँदा र ल्याउँदा लागेको मितव्ययी सवारी साधानको भाडा यदी मितव्ययी सवारी साधन नभए मात्र प्लेनको भाडा परीक्षण तथा औषधी खर्चका अतिरिक्त पाँच दिन सम्म खाने खर्च वापत विरामी र एक जना कुरुवाको लागि प्रतिव्यक्ति प्रतिदिन एक हजार रुपैया,

(ङ) **जीविकोपार्जन टेवाः** वेवारिसे अलपत्र अवस्थामा फेला परेको वा अभिभावक वा आमावावु नभएका अनाथा तथा असहाय महिला तथा बालबालिकालाई परिवार भित्रका नातेदार (जस्तैः काका, काकी, फुपु, सानीआमा, मामा माईज्यु) ले आफ्नो आर्थिक अवस्था नाजुक हुँदाहुदै पनि आफ्नो संरक्षणमा राख्ने चाहेमा वा मन्जुर गरेमा उनीहरुको जीविकोपार्जनमा मद्दत पुऱ्याउनको लागि समितिबाट निर्णय गरी

बढीमा तिस हजार सम्म एकमुष्ट अनुदान उपलब्ध गराउन सकिनेछ तर त्यसरी अनुदान प्राप्त गर्ने व्यक्ति वा परिवारले सो रकमबाट कुनै व्यवसाय संचालन गरी आफ्नो संरक्षणमा राखेको महिला तथा बालबालिकालाई खाने बस्ने व्यवस्था सहित उसको उमेर अवस्था र योग्यता क्षमता अनुसार शिक्षा-दिक्षाको प्रवन्ध मिलाउन लिखित कार्ययोजना चित्तवुझ्दोरुपमा समितिमा पेश गर्नु पर्छ सो अनुसार भए नभएको बारे समितिबाट निरन्तर अनुगमन गरिनुपर्छ।

(च) **विषेश निर्णय गर्न सक्नेः** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अपाङ्गता भएका, एच.आई. भि. संक्रमित वा अन्य कुनै दीर्घ र कडा रोग लागेका जस्ता विशेष अवस्था भएका जोखिममा परेका महिला तथा बालालिकाको हकमा उद्धार, पुनःस्थापना र पारिवारिक पुनःमिलनका सन्दर्भमा समितिले औचित्य हेरी विशषे व्यवस्था गर्न र कोषको अवस्था समेतको विचार गरी उपयुक्त देखेको हद सम्म लागेको खर्च कोषबाट व्यहोर्न सकिनेछ ।

११. <u>**समितिको बैठक र निर्णयः**</u> (१) समितिको बैठक र निर्णाय देहाय अनुसार हुनेछ।

(क) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ,

(ख) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ,

(ग) समितिको बैठक बस्नु भन्दा कम्तीमा चौबीस घण्टा अगावै समितिको सदस्य—सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सवै सदस्यहरुलाई दिनु पर्नेछ,

(घ) समितिको दुई तिहाइ सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ,

(ङ) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ,

(च) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ,

(छ) समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गरी राख्नेछ,

(ज) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ,

(झ) जोखिममा रहेका महिला तथा बालबालिकाको आकस्मिक सहयोग, उद्धार तथा पुनस्र्थापना गर्नु पर्ने अवस्था भएमा समितिको संयोजक र सदस्य(सचिवको आपसी सहमतिले आवश्यक हुने रकम निकासा खर्च गर्न सक्ने छन्।

तर सो खर्च रकम समितिको बैठकबाट अनुमोदन गर्नु पर्नेछ।

(ञ) समितिले कोषमा भएको रकमबाट खर्च भई बिस प्रतिशत भन्दा कम रकम भएमा नगरपालिका वा अन्य निकायहरुमा स्रोतको माग गर्ने।

१२. <u>**खाताको सञ्चालनः**</u> (१) कोषको रकम समितिको निर्णयले नेपाल सरकारबाट मान्यता प्राप्त बैंकमा आवश्यकता अनुसार मुद्धति र चल्ती दुबै प्रकारको खाता खोली जम्मा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको खाताको सञ्चालन नगरमहिला तथा बालबालिका अधिकार समितिको निर्णय अनुसारको संयूक्त दस्तखतवाट हुनेछ।

१३. <u>**कोषको लेखा र लेखा परीक्षणः**</u> (१) कोषको आयव्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

१४. **रकम फ्रिज नहुने:** कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन।

१५. **प्रतिवेदन पेश गर्ने:** (१) समितिले आफुले गरेको कार्यको अर्ध वार्षिक, वार्षिक प्रतिवेदन नगरकार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन समितिले सावर्जनिक गर्न सक्नेछ।

१६. **कोषको सचिवालय:** कोषको सचिवालय नगरमहिला तथा बालबालिका अधिकार समिति रहेको कार्यालयमा रहनेछ।

१७. **अभिलेख राख्ने:** समितिले आफूले गरेको काम कारबाहीको अभिलेख दुरुस्त राख्नु पर्नेछ।

१८. **निर्देशन दिन सक्ने:** (१) नगरपालिकाले नगर समितिको काम कारबाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

१९. **अधिकार प्रत्यायोजन:** समितिले यस कार्यविधि बमोजिम आफूलाई प्राप्त भएका अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक, सदस्य वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२०. **कोष खारेज हुन सक्ने:** (१) कुनै कारणबस कोष सञ्चालन गर्न आवश्यकता नदेखिएको ठहर गरेमा नगर महिला तथा बालबालिका अधिकार समितिले खारेज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कोष खारेज भएमा कोषमा रहेको रकम नगर पालिकामा स्वतः स्थानान्तरण हुनेछ ।

२१. **बाधा अड्काउ फूकाउने:** यस कोषको प्रयोग, कार्यान्वयन तथा सञ्चालन गर्ने कार्यमा कुनै बाधा अड्काउ परेमा, नगरपालिकाले बाधा अड्काउ फुकाउने छ ।

२२. **संशोधन:** (१) यस कार्यविधिमा संशोधन गर्न आवश्यक देखिएको खण्डमा नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

प्रमाणित मिति: २०८०/०९/२७

**आज्ञाले,**
पशुपती शाही
नि.प्रमुख प्रशाकीय अधिकृत